परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १३ ❑ अंक ४१ २०८२ जेष्ठ २५ आइतवार Sunday 8, JUN 1 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर

**सूचना**

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

**पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।**

## जीवन विकास सामुदायिक अस्पताल तथा टेक्निकल एजुकेसन फाउण्डेशनको उद्घाट

विराटनगर । प्रधानमन्त्री केपी शर्मा ओलीले मोरङको कटहरी-२ मा रहेको जीवन विकास सामुदायिक अस्पताल तथा टेक्निकल एजुकेसन फाउन्डेसनको उद्घाटन गरेका छन् ।

जीवन विकास समाजका संस्थापक तथा मोरङ क्षेत्र नम्बर ५ का सांसद योगेन्द्र मण्डलको अगुवाईमा मोरङको कटहरी गाउँपालिका-२ हल्दीबारीमा २ अर्ब लागतमा निर्माण भएको २०० बेड क्षमताको जीवन विकास सामुदायिक अस्पताल शनिबार प्रधानमन्त्री ओलीले उद्घाटन गरेका हुन् ।

सामाजिक व्यवसायको अवधारणामा मुनाफा वितरण नगर्ने संस्थाको रुपमा अस्पताल सञ्चालनमा ल्याए को अस्पतालका अध्यक्षसमेत रहेका सांसद मण्डलले जानकारी दिए । उनले अस्पतालले सहुलीयत



कटहरी-२ मा रहेको जीवन विकास सामुदायिक अस्पताल तथा टेक्निकल एजुकेसन फाउन्डेसनको उद्घाटन सम्माननीय प्रधान मन्त्री केपी शर्मा ओली ।

दरमा नागरिकलाई सेवा प्रवाह गर्ने बताए । उनका अनुसार जुनसकै लघुवित्तका सदस्यहरुले जीवन विकास अस्पतालमा सहुलियत दरमा स्वास्थ्य सेवा पाउनेछन् । २५ वर्षअघि देखेको अस्पताल सञ्चालन गर्ने सपना आज पुरा गर्न पाउँदा हर्सित भएको उनले बताए ।

उद्घाटन समारोहमा बोल्दै प्रधानमन्त्री ओलीले इच्छाशक्ती भए काम गर्न सकिन्छ भन्ने उदारण सांसद योगेन्द्र मण्डलले दिएको बताए । 'विकास अभियान्ताले, जागरण अभियान्ताले कस्तो काम गर्न सक्दा रहेछन् भन्ने नमुना जीवन विकास सामुदायिक अस्पताल बनेको छ,'उनले भने,'यतै धेरै काम सरकारको प्रयास बिना पनि, व्यक्तिगत र सामुदायिक प्रयासले हुन सक्दा रहेछन् उपयुक्त ढंगको लिडरसीप भयो भने ।'

'नेतृत्व यस्तै विकास प्रेमी

बाँकी अन्तिम पेजमा...

## फरार प्रतिवादी ६ वर्षपछि प्रहरीको फन्दामा

विराटनगर । मोरङको विराटनगर महानगरपालिका-१६ स्थितबाट ईशा योगी शेर्पालाई आगोले जलाई मारेको घटनाका फरार प्रतिवादीहरु पक्राउ परेका छन्

पक्राउ पर्नेमा ५५ बर्षीय एसराज लामालाई घटनाको ६ बर्ष पछि प्रहरीले पक्राउ गर्न सफल भएको छ । जेठ २४ गते शनिवार विशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले फरार प्रतिवादी लामालाई गाउँघरमा लुकिछिपी बसेको अवस्थामा पक्राउ गरेको हो ।

प्रतिवादी लामाले २०७६ साल बैशाख ८ गते झापा अर्जुनधारा नगरपालिका-११ घर भई विराटनगर-१६ स्थितमा बस्दै आएकी २१ वर्षीया ईशा योगी शेर्पाको शरिरमा पेट्रोल खन्याई आगोले जलाई फरार भएका थिए ।

घाईते शेर्पाको किर्तिपुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको थियो ।

## छनौट प्रतियोगिता सुरु

विराटनगर । कोशी प्रदेश खेलकुद विकास बोर्डको आयोजनामा १५ औं राष्ट्रपति रनिङ शिल्ड कोशी प्रदेश स्तरीय छनोट प्रतियोगिता सुरु भएको छ ।

विराटनगर स्थित शहिद रंगशालामा प्रदेशका ११ जिल्लाका खेलाडीहरुको सहभागितामा १५ औं राष्ट्रपति रनिङ शिल्ड कोशी प्रदेश स्तरीय छनोट प्रतियोगिता सुरु भएको छ ।

छनोट प्रतियोगितामा ११ जिल्लाबाट भलिबल, कबड्डी, कराते, तेक्वान्दो, उसु र एथलेटिक्स खेलमा झन्डै १

बाँकी अन्तिम पेजमा...

## हुलाक सेवाको आधुनिकीकरण आवश्यक

विराटनगर । सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरूङले समय अनुसार हुलाक सेवाको आधुनिकीकरण आवश्यक रहेको वताएका छन् ।

राणाा शासनकालमा स्थापना भएको उमेरले जेठो भएपनि कामले अहिले कान्छो भएकाले आधुनिकीकरण आवश्यक भएको उहाँको भनाइ थियो ।

हुलाक सेवा विभागले विरटनगरमा आयोजना गरेको हुलाक सेवा विभागको पुनर्संरचना विषयक अन्तरक्रिया कार्यक्रममा मन्त्री गुरूङले सो कुरा बताएका थिए ।बद्लिदो परिवेश अनुशार संस्था चल्नुपर्ने वहाँको धारणा थियो ।

मन्त्री गुरूङले भन्नुभयो,' हुलाक सेवालाई मागि खाने बनाउनु भएन जनतालाई सेवा पनि दिनु पर्यो । सेवासँगै ब्यापार लाई पनि अघि बढाउनु पर्यो । हुलाक सेवालाई ब्यवस्थित गर्न बार्षिक क्यालेन्डर काम गर्न उहाँको सुझाव थियो ।

मन्त्री गुरूङले नेपालमा विकास धेरै भएपनि व्यवस्थित नभएको बताउनभयो । नेपालको विकास भद्रगोल देखिएकाले व्यवस्थित बनाउन पर्नेमा उहाँको जोड छ ।


सूचना तथा सञ्चार ,मन्त्रालयकी सचिव राधिका अर्यालले हुलाक सेवाको पुनर्संरचना आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा मन्त्रालयका सहसचिव कोषहरि निरौला, आन्तरिक मामिला तथा कानुन मन्त्रालय कोशी प्रदेशका सचिव रामप्रसाद आचार्य लगायतको सह-भागिता रहेको थियो ।

## कोशी अस्पतालद्वारा जनहितमा जारी सूचना

- कोशी अस्पताल परिसर भित्र जथाभावी फोहर नगरौं ।
- कोशी अस्पताल आउने सेवा ग्राहीले अनिवार्य रुपमा मास्कको प्रयोग गरौ ।
- अस्पताल परिसरमा जथाभावी पार्किङ्ग नगरौं ।
- कोशी अस्पतालमा भर्ना भई उपचार गर्ने बिरामीसंग एक जना कुरुवा मात्र बसौं ।
- अस्पतालमा पुर्जी काट्दा, डाक्टरसँग जाँच गराउँदा, जाँचको शुल्क बुझाउँदा, औषधी लिदा, औषधीको पूर्जामा बिमाको छाप लगाउँदा, लगायतको सेवा लिदा आफ्नो पालो पर्खौं ।
- अस्पताल परिसर भित्र सुर्ती जन्य पदार्थ र धुम्रपान प्रयोग नगरौ ।
- अस्पताल परिसर भित्र भिडभाड हुने हुँदा पाकेट मार र उपचारको नाममा ठगी गर्ने दलालहरुसंग बचौं ।
- अस्पताल सबैको साझा सम्पत्ति भएकोले अस्पतालको सम्पत्तिलाई सबै मिलि संरक्षण गरौं ।
- स्वास्थ्य बिमा गरेका स्वास्थ्य संस्थाबाट रेफर सिफारिस अनिवार्य लिएर आउनु होला ।
- अस्पतला परिसर भित्र आफ्नो समानको सुरक्षा आफै गरौं, समान हराएमा अस्पताल जिम्मेवार हुने छैन

**कोशी अस्पताल विराटनगर, कोशी प्रदेश**



## जीवन...

र भिजिनरी हुनुपर्छ उनले भने,‘जनप्रतिनिधि यस्तैं (योगेन्द्र मण्डल तर्फ हेर्दै) हुनुपर्छ, कामको नेता हुनुपर्दछ, कुराको नेता होइन ।’

जीवन विकास अस्पतालले विरामीलाई सस्तो सेवा प्रवाह गर्नेमा आफू विश्वस्त रहेको उनले बताए । ‘उपचार गर्ने कुरालाई प्राथमिकतामा राखेर जसरी अघि बढेको छ, यो चुनौतिपूर्ण काम हो,’उनले भने,‘इन्सुरेन्स नभइकन सम्पन्न भन्दा सम्पन्न देशले पनि गर्न सक्दैनन, तर यस अस्पतालले कुनै पनि विरामीलाई पैसा नभएपनि फर्कन दिन्न भन्ने जुन अठोट गरेको छ, यो दुनियामा बहुत थोरै अस्पतालले मात्रै गर्छन् ।’ अस्पतालले विपन्न र कमजोर अवस्था भएका समुदायलाई स्वास्थ्य सेवामा सहज पहुँच दिने विश्वास पनि उनले व्यक्त गरेका थिए ।

२०० बेड क्षमतामा सञ्चालित अस्पताललाई विस्तार गर्दै लैजाने अस्पताल सञ्चालक समिति सदस्य एवं जीवन विकास लघुवित्त वित्तिय संस्थाका प्रमुख कार्यकारी अधिककृत संजयकुमार मण्डलले बताए । स्वागत मन्तव्य राख्दै उनले जीवन विकाससँग जोडिएका महिलाहरुसँगको आर्थिक कारोबार गर्दा संस्थाले गरेको मुनाफा अस्पतालको रुपमा नागरिकलाई नै फर्काएको बताए । ‘जीवन विकास समाजले लघुवित्र् सेवा प्रदान गर्दा सरप्ल्स भएको बचत फेरि तपाईहरुलाई नै फर्काएका छौं,’ उनले भने,‘२५ वर्षअघि माननीय योगेन्द्र मण्डलले देख्नु भएको सपना आज साकार भएको छ ।’ उनका अनुसार एउटा कोठाबाट सुरु भएको २४ घण्टे क्लिनिकको विकसित रुप आजको अस्पताल भएको बताए ।

२०५४ सालमा गरिबी रहित नेपालको परिकल्पना सहित स्थापना भएको जीवन विकास समाजले ग्रामीण क्षेत्र तथा विपन्न वर्गको जीवनस्तर उकास्नका लागि लघुवित्त सेवा, शिक्षा, स्वास्थ्य, कृषि र रोजगारी सृजनाको क्षेत्रमा काम गर्दै आएको छ ।

## छनौट...

हजार खेलाडीको सहभागिता रहेको छ । छनोट प्रतियोगितामा विजयी खेलाडीहरूले जेठ २८ देखि ३० सम्म काठमाडौंमा हुने १५ औं राष्ट्रपति रनिङ शिल्डमा कोशी प्रदेशको प्रतिनिधित्व गर्ने भएको छ ।

प्रतियोगिताको उद्घाटन गर्दै कोशी प्रदेश सभाका सभामुख अम्बर बहादुर विष्टले पूर्वाधारको विकासले मात्रै राष्ट्रको विकास नहुने भन्दै शिक्षा, खेलकुद लगायतको क्षेत्रमा समेत पर्याप्त लगानी भए चौतर्फी विकास हासिल गर्न सकिने बताएका थिए । कोशी प्रदेशका सामाजिक विकास मन्त्री तथा कोशी प्रदेश खेलकुद विकास बोर्डका अध्यक्ष पाँचकर्ण राईले प्रदेश सरकारको आगामी बजेट खेलक्षेत्र र खेलाडीलाई प्राथिमिकतामा राखेर निर्माण गरिने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

कोशी प्रदेश खेलकुद विकास बोर्डका सदस्य सचिव कृष्ण बस्नेत (पर्शुराम)ले प्रतियोगितामा सहभागी खेलाडीहरूलाई शुभकामना व्यक्त गर्दै राष्ट्रपति रनिङ शिल्डमा विजयी हुने खेलाडीको बोर्डले उचित सम्मान गर्ने बताउनु भएको थियो ।

बस्नेतले प्रदेश स्तरीय छनोट प्रतियोगितामा सहभागी नभएको सोलुखुम्बु, सुनसरी र खोटाङलाई प्रतियोगितामा खेलाडीको सहभागी हुने अधिकार सुनश्चित गर्न असफल भएको भन्दै सो जिल्लाका जिल्ला खेलकुद विकास समितिलाई आवश्यक कारबाही हुने समेत चेतावनी दिएका थिए ।

## भरूवा बन्दुक सहित २ पक्राउ

विराटनगर । मोरङको केराबारी गाउँपालिका-६ तामाङ टोल बस्ने २६ बर्षीय गणेश श्रेष्ठ र ३२ बर्षीय सन्तबिर तामाङलाई भरुवा बन्दुक सहित नियन्त्रणमा लिईएको छ ।

विहीवार हिजो राती इलाका प्रहरी कार्यालय केराबारीबाट खटिएको प्रहरी टोलीले गणेश श्रेष्ठको घर कोठा भित्र लुकाई छिपाई राखेको एक नाल भरुवा बन्दुक फेला परेसँगै सोही कोठामा रहेका उनिहरुलाई नियन्त्रणमा लिएको हो ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।


### मानव बेचबिखनजन्य कार्यहरु

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानुन विपरीत मानव अंग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउने जस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन्,

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानुनबमोजिम कारवाही हुन्छ ।
त्यस्तो कार्य भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड



### विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।



### खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु

- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिसौं ।



नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर



### वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौं ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामादर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

मधुबाबु तिवारी (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. ७ मोरंग


परिवर्तनको लागि क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# सबभन्दा नजिकको सरकार

नेपालमा संघियाता आएपछि जनताको लागि सवभन्दा नजिकको सरकार स्थानीय सरकार हो । त्यही नजिकको सरकारको स्थानीय तहको उपप्रमुख तथा उपाध्यक्षहरुको दुई दिने भेला विराटनगरको विरेन्द्र सभागृहमा शनिवार सम्पन्न भएको छ । उक्त भेलाले संघियतालाई सुदृढ बनाउन कोषे ढुंगा सावित हुने विश्वास लिएको छ । वर्तमान संरचनाभित्र उपप्रमुख तथा अध्यक्षहरू स्थानीय नेतृत्वका मेरुदण्ड हुन्, जसले नीतिगत निर्णयदेखि सेवाप्रवाहसम्मको नेतृत्व लिन्छन् । स्थानीय तहको सशक्तिकरण गर्न र साझा चुनौतीहरूमाथि संवाद स्थापित गर्न एक सशक्त मञ्चको रूपमा स्थापित भएको छ ।

भेला न केवल अनुभव आदानप्रदानको अवसर रह्यो, तर समग्र स्थानीय शासन प्रणालीलाई प्रभावकारी बनाउने रणनीतिक बहसको केन्द्र पनि बन्यो । स्थानीय विकासका योजना, बजेटको सदुपयोग, सहकार्य र समन्वय, पारदर्शिता र जवाफदेहिता तथा नागरिक सहभागिताजस्ता विषयहरूमा स्पष्ट दृष्टिकोण निर्माण गर्ने खालका छलफलहरूले भेलालाई अर्थपूर्ण बनाएको छ । यसबाहेक, भेलाले महिला नेतृत्व, युवा सहभागिता, तथा सीमान्तकृत समुदायको प्रतिनिधित्वलाई थप प्रभावकारी बनाउनुपर्ने विषयमा पनि गम्भीर बहस चलाएको छ, ।

स्थानीय तहमा देखा परेका सामान्य समस्याहरु स्रोत-साधनको सीमितता, जनशक्तिको अभाव, नीतिगत अन्योल आदि विषयमा केन्द्र र प्रदेश सरकारको ध्यानाकर्षण गराउने अवसर पनि यो भेलाले निर्माण गरेको छ । तर यस्ता भेला केवल औपचारिकताको भरमा सीमित नहुनुपर्ने हो । यसमा भएका सुझाव, प्रतिबद्धता र रणनीतिहरूलाई कार्यान्वयनमा लैजाने व्यवस्थापन र इच्छाशक्ति पनि अत्यन्त जरुरी देखिन्छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्ने सम्भावना रहेको छ ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू): आर्थिक पक्ष सवल रहेको छ । आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ ।**


**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : शत्रुहरुको शिर निहुरिनेछ । भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ ।

# समृद्धिका दुई आधार : राजनीतिक गतिशीलता र नीतिगत स्थायित्व



**तत्काल ठूलो आर्थिक, सामाजिक तथा सांस्कृतिक संरचनामा फेरबदल वा साम्प्रदायिक द्वन्द्वको स्थिति देखिंदैन । तर छिटो-छिटो सरकार परिवर्तन हुने एउटामात्र सन्दर्भलाई आधार बनाएर अस्थिरताको डरलाग्दो भाष्य निर्माण गरिएको छ ।**

नेपालमा राजनीतिक स्थायित्व र अस्थिरता बीच बहस जारी छ ।

वर्तमान राजनीतिक संस्कार र व्यवहारले स्थायित्वको वास्तविक अर्थ बुझाउन सकेको छैन ।

आर्थिक र सामाजिक विकास का लागि नीतिगत स्थायित्व र राष्ट्रिय एकता आवश्यक छ ।

मुलुकमा आजभोलि राज-नीतिक स्थायित्व कि अस्थिरता भन्ने विषयमा विरोधाभासपूर्ण धारणाहरू निर्माण गर्न थालिएको छ । एकातर्फ राजनीतिक स्थायित्व नभएर देश बर्बाद भयो अर्थात् देशको विकास हुन सकेन भन्ने भाष्य जबरजस्त निर्माण गरिएको छ। अर्कातर्फ, विद्यमान नेतृत्व प्रणालीले सूचनाप्रविधि लगायत क्षेत्रमा भइरहेको तीव्र विकास र आजको गतिशील समाजको मनोकांक्षालाई सम्बोधन गर्न सकेन भन्ने टिप्पणी हुन थालेको छ ।

नागरिक समाज, प्राज्ञिक व्यक्तित्व, सार्वजनिक सेवाका प्रबुद्ध वर्ग, व्यापार-व्यवसायमा सक्रिय उद्यमी र स्वयं राजनीतिक कर्मीहरू समेत यही भाष्यमा स्वीकार्य टाउको हल्लाइरहेका छन् । यद्यपि, नेपालको सन्दर्भमा विद्यमान राजनीतिक संस्कार र स्थायित्व को अन्तरवस्तु तथा व्यवहारको वस्तुपरक धरातलमा उभिने प्रयास गरेको देखिंदैन ।

जसको परिणामस्वरूप कहिलेकाहीं लोकप्रियतावादी हावाले राजनीतिमा स्थान लिन खोज्छ भने कहिले प्रतिगमनको दूषित हावाले समेत स्थान लिन खोजिरहेको देखिन्छ । यहाँसम्म कि लामो राजनीतिक संघर्ष र बलिदानबाट प्राप्त राजनीतिक उपलब्धिहरू संघीयता, गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक प्रतिनिधित्व लगायत जन निर्वाचित संविधान सभाबाट निर्मित संविधानको औचित्य माथि समेत प्रश्न उठाउने चेष्टा गरिएको छ ।

यस प्रकारको विद्यमान राजनीतिक पृष्ठभूमिमा मुलुकको प्रबुद्ध वर्ग, राजनीतिकर्मीहरू र सचेत नागरिकले आरोप र प्रत्यारोप तथा कथित लोकप्रियातावादी हावाको वेगमा होइन, धरातलीय यथार्थमा उभिएर वस्तुपरक र व्यावहारिक बुझाइ राख्नु तथा बहस गर्नुपर्ने गहन जिम्मेवारी बन्न गएको छ ।

माओवादी नेतृत्वमा सञ्चालित दशवर्षे जन विद्रोह हुँदै २०६२/६३ को संयुक्त जनआन्दोलनको परिणामस्वरूप विस्तृत शान्ति सम्झौता र संविधान निर्माणसँगै अगाडि बढेको शान्ति प्रक्रियाले तल्कालीन द्वन्द्वलाई विस्तारै शान्तिमा रूपान्तरण गर्दै गएको छ । यद्यपि शान्ति प्रक्रियासँग सम्बन्धित 'बेपत्ता पारिएका नागरिकको छानबिन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन-२०७१' अन्तर्गत न्याय निरुपण, परिपूरण र बेपत्ता नागरिकहरूको स्थिति सार्वजनिक गर्ने तथा क्षतिपूर्ति लगायतका बाँकी कार्यहरू तार्किक निष्कर्षमा पुऱ्याउने प्रक्रिया जारी नै छ ।

नेत्रविक्रम चन्द नेतृत्वको पार्टीले निर्वाचन आयोगमा दल दर्ता र निर्वाचनमा सहभागी हुने कार्यदिशा अवलम्बन गरेसँगै मुलुकमा अब तत्काल भौतिक द्वन्द्वको स्थिति रहेन । सबै राजनीतिक दल तथा समुदायहरू संविधानको पालना, विधिको शासन र कानूनी राज्यको पालनाप्रति आधारभूत रूपमा सहमत, सहभागी र प्रतिबद्ध रहेको देखिन्छ ।

तत्काल ठूलो आर्थिक, सामाजिक तथा सांस्कृतिक संरचनामा फेरबदल वा साम्प्रदायिक द्वन्द्वको स्थिति देखिंदैन । तर छिटो-छिटो सरकार परिवर्तन हुने एउटा मात्र सन्दर्भलाई आधार बनाएर अस्थिरताको डरलाग्दो भाष्य निर्माण गरिएको छ ।

लोकतान्त्रिक वा संसदीय व्यवस्थामा सरकार परिवर्तन को विषय कानूनी, वैधानिक तथा स्वाभाविक प्रक्रिया भएको हुनाले यस विषयलाई अन्यथा मान्नुपर्ने स्थिति देखिंदैन । बरु सरकार परिवर्तन र स्थिरताको सन्दर्भमा हामीले छलफल गर्नुपर्ने विषय पटक-पटक सरकार परिवर्तन भए पनि लामो समयदेखि उही अनुहार का नेतृत्व आलोपालोमा दोहोरिरहने हाम्रो राजनीतिक संस्कारले राजनीतिक गतिशीलतालाई होइन कि यथास्थितिलाई नै मलजल पुऱ्याइरहेको छ । वस्तुत: यो प्रक्रियाले राजनीतिक गतिशीलता भन्दा पनि यथास्थिति वा गतिहीनतालाई नै प्रतिनिधित्व गर्दछ । यदि हामीले एउटा सरकार पाँचै वर्ष टिक्नु, एउटा मात्र दल वा नेताले मात्र सरकारको नेतृत्व गरिरहनुलाई राजनीतिक स्थायित्व भन्ने बुझेका छौं भने हाम्रो बुझाइ पनि आंशिक बन्न जान्छ ।

दार्शनिक एरिस्टोटलले आफ्नो कृतिमा भनेका छन्– "सर्वश्रेष्ठ शासन प्रणाली त्यो हो, जहाँ व्यवस्था स्थिर रहन्छ र कानून सबैभन्दा माथि हुन्छ ।" उनले यहाँ राजनीतिक व्यवस्थाको स्थायित्व, न्यायिक सर्वोच्चता र विधिको शासनको सबलीकरण लाई श्रेष्ठ शासन प्रणालीको रूपमा जोड दिएका छन् ।

राष्ट्रिय हित र आर्थिक समृद्धिका लागि मुलुकको नीतिगत सबलता र स्थायित्व नै आधारभूत शर्त बन्न जान्छ

हाम्रो हकमा पनि राज नीतिक व्यवस्थाको स्थायित्व र सुदृढीकरणको लागि कानूनी राज्य, विधिको शासन र नागरिक सर्वोच्चताको माध्यमबाट राजनीतिक प्रतिस्पर्धा गर्दै यथास्थितिको राजनीतिमा गतिशीलता पैदा गर्नुपर्ने आवश्यकता छ ।

त्यसैगरी सामुअल पी. हन्टिङटनले आफ्नो पुस्तक 'पोलिटिकल अर्डर इन चेन्जिङ सोसाइटी'मा भनेका छन "राजनीतिक स्थायित्व राज नीतिक संस्थाहरूको बलियोपन र सरकार परिवर्तनको प्रक्रियाको नियमितताको परिणाम हो ।"

यसबाट हामीले बुझ्नुपर्ने

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# विश्व वातावरण दिवसको अवसरमा हिमालय दर्शन कलेजद्वारा सडक सरसफाई

विराटनगर। विश्व वातावरण दिवसको अवसरमा विराटनगरस्थित हिमालय दर्शन कलेजले विहीवार सडक सरसफाइ कार्यक्रम सम्पन्न गरेको छ। वातावरणीय सचेतना अभिवृद्धि गर्न उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रम कलेज परिसरबाट सुरु भई ट्राफिक चोक हुँदै रोडशेष चोकसम्म सरसफाइ गरिएको थियो। कलेजमा अध्ययनरत करिब ६५ जना विद्यार्थीहरू सहभागी रहेको सरसफाइ कार्यक्रममा उनीहरूले प्लाष्टिक, कागज, धुलोमाटो लगायत फोहोर संकलन गर्दै वातावरण सफा राख्नमा जनचेतना फैलाउने कार्यसमेत गरेका थिए।




हिमालय दर्शन कलेजका प्रमुख भरत सापकोटाका अनुसार, सरसफाइ कार्यक्रम विश्व वातावरण दिवसकै सन्दर्भ पारेर आयोजना गरिएको बताए। उनका अनुसार वातावरण संरक्षण केवल सरकारी निकायको दायित्व नभएर हरेक नागरिकको जिम्मेवारी भएकाले विद्यार्थीहरूलाई सामाजिक कार्यमा पनि सक्रिय बनाउन कलेजले यस्ता कार्यक्रम सञ्चालन गरेको बताए।

'आजको युगको सबैभन्दा ठूलो चुनौती वातावरण प्रदूषण हो,' कलेज प्रमुख सापकोटाले भने, 'विशेषगरी प्लाष्टिकजन्य वस्तुको अत्यधिक प्रयोगले वातावरणीय सन्तुलन बिग्रँदै गएको छ। त्यसैले हामीले प्लाष्टिकजन्य फोहोर हटाउने अभियानलाई प्राथमिकतामा राखेर कार्यक्रम गरेको वताए।

यस कार्यक्रमको आयोजना हिमालय दर्शन कलेज अन्तर्गतको टुरिजम क्लबको पहलमा गरिएको थियो। कलेजमा बीएचएम (ब्याचलर इन होटल म्यानेजमेन्ट) अध्ययनरत विद्यार्थीहरूको संयोजनमा उक्त क्लब स्थापना गरिएको छ। क्लबले सरसफाइ कार्यक्रम आयोजना गर्दै सामाजिक उत्तरदायित्वमा विद्यार्थीको सक्रियता जनाउँदै आएको छ।

सरसफाइ कार्यलाई थप व्यवस्थित बनाउन विद्यार्थीहरूलाई आधा दर्जन समूहमा विभाजन गरिएको थियो। हरेक समूहले तोकिएको क्षेत्रमा सडक सफा गर्ने कार्य सम्हाल्यो। कार्यक्रमको दौरानमा फोहोरलाई वर्गीकरण गरी फाल्ने, प्लाष्टिकजन्य वस्तुहरूको असरबारे जनचेतना फैलाउने लगायत गतिविधिहरू समेत गरिएको थियो।

कार्यक्रममा बीएचएमका साथै अन्य संकायमा अध्ययनरत विद्यार्थीहरूको पनि उल्लेखनीय सहभागिता थियो। सबै सहभागीहरूले जनहितका यस्ता सामाजिक कार्यमा निरन्तर सहभागी भइ वातावरण जोगाउन भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए।

कलेजका प्राध्यापक, व्यवस्थापक, तथा क्लब संयोजकहरूले सरसफाइ अभियानको सफलतामा महत्वपूर्ण भूमिका खेलेका थिए। कार्यक्रमले विद्यार्थीहरूमा सामाजिक चेतना र वातावरण प्रति जिम्मेवारीको भावना विकास गराएको सहभागिहरू को धारणा थियो।

हिमालय दर्शन कलेजले आगामी दिनहरूमा पनि वातावरण संरक्षण, प्लाष्टिक न्यूनिकरण, हरियाली विस्तार लगायत विषयमा विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको जानकारी दिएको छ। आयोजित उक्त कार्यक्रममा कलेजका विद्यार्थी, शिक्षक तथा टुरिजम क्लबका सदस्यहरूको सहभागितामा कार्यक्रम रहेको थियो।

# करेन्ट लागेर १ को मृत्यु

विराटनगर। भोजपुरको भोजपुर नगरपालिका(९ स्थितमा करेन्ट लागेर १ जनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा भोजपुर नगरपालिका(९ का ४२ बर्षीय आङतेम्बा शेर्पा रहेका छन। जेठ २० गते अपरान्ह ३ बजे शेर्पाले पेम्बा छेउलिङ गुम्बामा काँचो बाँसमा झण्डा लगाई टाङने क्रममा उक्त बाँसले अचानक विद्युतीय लाईनमा छुन पुगि करेन्ट लाग्दा उनको घट्नास्थलमा नै मृत्यु भएको हो।

घटना स्थलमा जिल्ला प्रहरी कार्यालय भोजपुरबाट प्रहरी अधिकृत सहितको टोली खटि लाशलाई पोष्टमार्टमको लागि जिल्ला अस्पताल भोजपुर पठाएको छ भने घटना सम्वन्धमा थप अनुसन्धान तथा कानुनी प्रकृया भईरहेको छ।

# प्रहरी अनशिक्षण तालिम

विराटनगर। कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको तत्वावधानमा संचालन हुने ७ कार्य दिनको "पर्यटक प्रहरी अनुशिक्षण" तालिमको समुद्घाटन भएको छ।

विहीवार देखि कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको सभाहलमा प्रहरी नायव उपरीक्षक ध्रुव कुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा उक्त तालिमको समुद्घाटन भएको थियो। तालिम समुद्घाटन पश्चात कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै प्रहरी नायव उपरीक्षक ध्रुव कुमार श्रेष्ठले बिश्वको सर्वोच्च शिखर सगरमाथा लगायत अन्य बिभिन्न प्राकृतिक, धार्मिक सम्पदा तथा रमणिय पर्यटकिय स्थल रहेको हाम्रो देश नेपालमा भ्रमणको लागी आउनु हुने विदेशी तथा स्वदेशी पर्यटकहरुको आवागमन स्थल तथा भ्रमण स्थलहरुमा सुरक्षा व्यवस्था मजवुद बनाउन तथा उनिहरुको यात्रामा समन्वय र सहजिकरण गर्न पर्यटक प्रहरी परिचालन गर्नुपर्ने आवश्यक रहेकोले प्रहरी कर्मचारीहरुलाई "पर्यटक प्रहरी अनुशिक्षण" तालिम प्रदान गरिएको बताएका थिए।

साथै वहाँले तालिममा सहभागी सम्पूर्ण प्रशिक्षार्थीहरु लाई तालिमबाट धेरै भन्दा धेरै ज्ञान आर्जन गरी कार्य क्षेत्रमा गएर त्रुटि रहित तवरले कार्य सम्पादन गर्न निर्देशन समेत दिनु भएको छ। उक्त अनुशिक्षण तालिममा ४ जना प्रहरी निरीक्षक सहित ६० जना प्रहरी कर्मचारीहरुको सहभागिता रहेको छ।

## गाउँवासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामादर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

बुढीगंगा गाउँपालिका, गाउँपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश

## वडा वासीहरुको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामादर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्त निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं।

अनिल कुमार ठाकुर (वडा अध्यक्ष)जहदा गाउँपालिका, वडा नं. ३ कार्यालय मोरंग, कोशी प्रदेश

# २० बुद्धे घोषणा पत्र जारी गर्दै स्थानिय तहका उपप्रमुख तथा उपाध्यक्षको राष्ट्रिय सम्मेल सम्पन्न

विराटनगर । स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षहरुको राष्ट्रिय सम्मेलन शुक्रवार सुरु भई शनिवार २० बद्धे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ ।

सम्मेलनमा कोशी प्रदेशका सबै पालिकाहरुलाई आमन्त्रण गरिएको थियो । अन्य प्रदेशको कुनै जिल्ला नछुट्ने गरी उपप्रमुख र उपाध्यक्षहरुलाई आमन्त्रण गरी सम्मेलनमा सहभागी हुन आमन्त्रण गरिएको थियो ।




सम्मेलनमा ३ बटा कार्यपत्रहरु प्रस्तुत भएको थियो । संबैधानिक व्यवस्था बमोजिम विकेन्दीत न्याा प्रणालीमा विवाद निरुपन गर्न न्यायिक संयोजक एवं पदाधिकारीहरुमा चाहिने ज्ञान, सीप तथा कार्य दक्षतामा विषय विज्ञ काशी राज दहालले कार्यपत्र प्रस्तुत गरेका थिए ।

त्यसैगरी वित्तिय संधियता लाई संस्थागत गर्न स्थानीय तहका भूमिका तथा प्रयासको विषयमा डा. गोपी खनाल र स्थानीइ सरकार सञ्चालन र विकास प्रक्रियामा उपप्रमुख तथा उपाध्यक्षहरुको भूमिका विषय विज्ञ रमेश अधिकारीले कार्यपत्र प्रस्तुत गरी त्यसमा छालफल गरी २० बुद्धे घोषण पत्र जारी गरको छ ।

घोषणा पत्रको पूर्ण पाठ यस प्रकार छ ।

विराटनगर घोषणा पत्र २०८२

समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज को निर्माण गर्ने राष्ट्रको संकल्पलाई पूरा गर्न स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्ष हरुलाई संविधान र कानुनले दिएका अधिकारहरुको पूर्ण प्रयोग गरी स्थानीय तहलाई थप सवल, सक्षम र साधन स्रोत सम्पन्न बनाउँदै संघीयतालाई थप बलियो बनाउन जरुरी भैसकेको छ । विद्यमान कानुनमा रहेको अस्पष्टतालाई समेत थप कानुनको निर्माण गरी स्थानीय तहलाई थप सशक्त सक्षम र सवल बनाउन नेपाल सरकार र प्रदेश सरकारसँग स्थानीय तहलाई थप अधिकार सम्पन्न बनाउन साथै धेरै स्थानीय तहमा उपप्रमुख तथा उपाध्यक्षहरुलाई कानुनमा भएको अधिकार कार्यान्वयनका लागि अनुकूल वातावरण नभएको हुँदा उपप्रमुख तथा उपाध्यक्षलाई कानुनबमोजिमको अधिकार प्रयोग गर्न सक्षम र सवल बनाउनका लागि विराटनगर महानगरपालिकाको आयोजनामा भएको स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षको राष्ट्रिय सम्मेलनबाट २० बुँदे विराटनगर घोषणापत्र जारी गरियो ।

१) न्यायिक समितिबाट भएका निर्णय तथा फैसलाहरुको अभिलेखका लागि प्रदेशस्तरीय सफ्टवेयर र सर्भरको व्यवस्थापन गर्न प्रदेश सरकारसँग माग गर्ने ।

२) न्यायिक समितिका कार्यहरुमा एकरुपता कायम गर्न सबै स्थानीय तहले कार्यविधि निर्माण गरी लागू गर्ने ।

३) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा १ (ज) (ङ) थप प्रष्ट गरी संशोधन गर्न र दफा ४७ को उपदफा २ (ट) लाई कार्यान्वयनका लागि कार्यविधि निर्माण गर्न संघीय सरकारसँग माग गर्ने ।

४) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उपदफा २ को प्रारम्भिक क्षेत्राधिकार न्यायिक समितिबाट मात्र प्रयोग गर्नका लागि दफा ४७ (३) लाई खारेज गर्न संघीय सरकारमा माग गर्ने ।

५) न्यायिक समितिले गरेका निर्णय तथा फैसलाको कार्यान्वयन न्यायिक समितिबाटै हुन सक्ने कानुन संशोधन गर्न संघीय सरकारसँग माग गर्ने ।

६) एकभन्दा बढी स्थानीय तहमा रहेका मुद्दाका पक्षहरुलाई म्याद तामेल गर्न अन्तरपालिका म्याद तामेली प्रक्रियालाई सहजीकरण गर्नका लागि आवश्यक कानुन निर्माण गर्न संघीय सरकारमा माग गर्ने ।

७) सबै स्थानीय तहहरुमा कानुन अधिकृतको व्यवस्थापन गर्नका लागि प्रदेश सरकारसँग माग गर्ने ।

८) संघीय तथा प्रदेश सरकारबाट प्रत्येक वर्ष सशर्त अनुदानको रकम वृद्धि गरी वित्तीय समानीकरणको अनुदान घटाउँदै गएको हुँदा वित्तीय समानीकरणको अनुदान वृद्धि गर्न र सशर्त अनुदानको रकमबाट योजना तथा कार्यक्रम छनोट गर्ने अधिकार स्थानीय तहलाई दिन संघीय सरकार र प्रदेश सरकारसँग माग गर्ने।

९) नेपालको संविधान मा बहाल कर स्थानीय तहले संकलन गर्ने एकल अधिकारभित्र रहेको भए पनि संघीय सरकारबाट संस्था गत बहाल करको नाममा कर असुल गर्दा स्थानीय तहको राजस्वमा असर परेकोले संविधानबमोजिम संस्थागत बहाल कर स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने भएकाले सो कर संकलन नगर्न नगराउन संघीय सरकारमा अनुरोध गर्ने ।

१०) स्थानीय तहको अर्थपूर्ण सहभागिता र मागमा आधारित भएर मात्र संघीय तथा प्रदेश सरकारले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न अनुरोध गर्ने ।

११) योजना तथा कार्यक्रमको दिगोपना तथा गुणस्तरीयताका लागि स्थानीय तहको भौगोलिक क्षेत्रमा संघ तथा प्रदेशबाट सञ्चालन हुने सबै योजना तथा कार्यक्रमको स्थानीय तहबाट नियमित अनुगमन तथा मूल्याङ्कनको अनिवार्य व्यवस्था मिलाई स्थानीय तहको प्रतिवेदनको आधारमा मात्र योजना तथा कार्यक्रमको अन्तिम भुक्तानी गर्ने व्यवस्था मिलाउन संघीय तथा प्रदेश सरकारसँग माग गर्ने ।

१२) राजस्व बाँडफाँड बाट प्राप्त हुने प्रतिशत स्थानीय तहमा बढाउन सम्बन्धित कानुनमा संशोधन गर्न संघ तथा प्रदेश सरकारसँग माग गर्ने ।

१३) वित्तीय संघीयता लाई संस्थागत गर्न कार्य विस्तृतीकरणको प्रतिवेदन लाई अद्यावधिक गरी तीनै तहका सरकारको कार्य जिम्मेवारी सन्निकटताको सिद्धान्तबमोजिम स्पष्ट गर्न संघीय सरकारमा माग गर्ने ।

१४) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग बाझिएका संघ तथा प्रदेशका कानुनहरुलाई संशोधन गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गर्न संघ र प्रदेश सरकारलाई अनुरोध गर्ने ।

१५) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम लघु, घरेलु तथा साना उद्योगको इजाजत, दर्ता, नवीकरण तथा खारेजी गर्ने सम्पूर्ण अधिकार स्थानीय तहले प्रयोग गर्न पाउने व्यवस्थालाई पूर्णरुपमा कार्यान्वयन गर्न संघ तथा प्रदेश सरकारमा माग गर्ने ।

१६) प्रदेश कानुन संशोधन गरी स्थानीय तहलाई इ-रिक्सा तथा अटो रिक्साको दर्ता, नवीकरण तथा नियमन र व्यवस्थापन गर्ने अधिकार प्रदान गर्न प्रदेश सरकारमा माग गर्ने ।

१७) स्थानीय तहबाट प्रवाह गरिने सबै प्रकारका सेवालाई थप जनमुखी तथा सेवाग्राहीमैत्री बनाउन सरलीकृत प्रक्रिया बनाई कार्यान्वयन गर्ने ।

१८) स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षले नेतृत्व गर्ने विभिन्न समिति बाट हुने अनुगमनलगायतका कार्यलाई थप प्रभावकारी बनाउने।

१९) संघीयताको थप संस्थागत सुदृढीकरण गर्न पारदर्शी तथा जनउत्तरदायी भएर उपप्रमुख तथा उपाध्यक्षले प्रभावकारी भूमिका निर्वाह गर्ने।

२०) प्रचलित कानुनद्वारा उपप्रमुख तथा उपाध्यक्षहरु लाई प्रत्यायोजन गरिएका कार्यकारिणी अधिकारहरुको प्रयोग गर्न सुनिश्चितता गर्ने ।




# लागुऔषध ब्राउन सुगर सहित १७ जना पक्राउ

बिराटनगर । झापा, सुनसरी र इलामबाट लागु औषध सहित १७ जना पक्राउ परेका छन ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगको सुरक्षा सुनिश्चि-तता अभियान अन्तरगत लागू औषधको प्रयोग तथा ओसार पसारलाई नियन्त्रण गर्न परिचालन भएको प्रहरी टोलीले जेठ २३ गते झापाको मेचीनगर-१३ स्थितबाट सोही स्थानका ३५ बर्षीय लक्ष्मि सोरेन, २६ बर्षीय बिष्णु मग्राती र मोरङ लेटाङका २९ बर्षीय सन्तोस परियार लाई १ ग्राम १५० मिलिग्राम र शिवसताक्षी नगरपालिका- १ का २६ बर्षीय प्रनिस मुखिया, २४ बर्षीय तेज बहादुर दर्जीलाई ७०० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

त्यसैगरी सुनसरीको कोशी गाउँपालिका-१ स्थितबाट सोही स्थानका हिमाल कुमार मण्डल, करण कुमार मण्डल, २१ बर्षीय दयानन्द कुमार यादव, ईटहरी-५ का ३३ बर्षीय अजय चौधरी, धरान - १७ का २७ बर्षीय बिवेक बिश्वकर्मा, संगम राई, १९ बर्षीय किरण राई, बराहक्षेत्र- ७ का २२ बर्षीय कौशल कालिकोटे र २० बर्षीय याकुव राईलाई २२ ग्राम ८१० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो ।

सोही दिन इलामको इलाम नगरपालिका-७ स्थितबाट सोही स्थानका २६ बर्षीय रुपन राई, देउमाई नगरपालिका- २ का २९ बर्षीय पासाङ शेर्पा र माई नगरपालिका- १ का २१ बर्षीय अबिरल राईलाई १ ग्राम ३९० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरिएको थियो ।

पक्राउ परेको सबैजना उपर सम्वन्धित प्रहरी कार्यालयवाट थप अनुसन्धान भई रहको छ ।

# गाँजा र लागुऔषध खैरो हिरोईन सहित ६ पक्राउ

विराटनगर । झापाबाट ४ जना र सुनसरीबाट २ गरी ६ जनालाई लागू औषध सहित प्रहरीले पक्राउ परेका छन् ।

जेठ २२ गते विहीवार झापाको मेचीनगर नगरपालिका-६ स्थित मेचीपुलबाट लागू औषध नियन्त्रण ब्युरो काँकरभिट्टा र जिल्ला प्रहरी कार्यालय झापाको प्रहरी टोलीले ब्राउन सुगर २ ग्राम सहित मकवानपुर हेटौडा ३ का २१ बर्षीय डेबिड लामा र बिर्तामोड नगरपालिका- २ का २९ बर्षीय संजय चौधरीलाई ब्राउन सुगर ३ ग्राम सहित पक्राउ गरेको थियो ।

त्यसै गरी इलाका प्रहरी कार्यालय गौरादहले गौरादह नगरपालिका-१ का २९ बर्षीय सुजन कन्दङ्वालाई ब्राउन सुगर १ ग्राम सहित र सुनसरीको अस्थायी प्रहरी पोष्ट जोरसखुवा धरानले धरान-१६ का ३० बर्षीय गोपाल राईलाई प्रतिवन्धित औषधी ५६९ चक्की र नगद ३७ हजार रुपैया सहित पक्राउ गरिएको थियो ।

सोही दिन झापाको मेचीनगर नगरपालिका-६ स्थितमा इलाका प्रहरी कार्यालय काँकरभिट्टबाट चेकजाँचमा खटिएको प्रहरी टोलीले भारत दार्जिलिङका २४ बर्षीय अभिजित सिंहलाई १३ ग्राम ७२० मिलिग्राम ब्राउन सुगर सहित र सुनसरीको अस्थायी प्रहरी चौकी रेल्बे धरानले धरान- १७ का २२ बर्षीय टाइटस कार्कीलाई प्रतिवन्धित औषधी ४ हजार ४१० ट्याब्लेट सहित उनकै घरबाट नियन्त्रणमा लिएको थियो ।


## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश

## समृद्धिका...

कुरा के हो भने, राजनीतिक स्थायित्व भनेको हाम्रो राजनीतिक व्यवस्थालाई बलियो र गतिशील नै बनाउनु हो । हाम्रो विद्यमान राजनीतिक व्यवस्थाका आधारभूत मूल्यहरू गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, समावेशिता, न्यायिक सर्वोच्चता, विधिको शासन, आवधिक निर्वाचन र बालिग मताधिकार जस्ता प्रणालीहरूको संस्थागत सबलीकरण र सुदृढीकरण गर्नु जरूरी छ । जसको लागि राजनीतिक गतिशीलता र नीतिगत स्थायित्वको आवश्यकता छ ।

यहाँ राजनीतिक गतिशीलताको अर्थ सरकार परिवर्तन भइरहनु तर नेतृत्व दोहोरिरहनु वा लोकप्रियतावादको क्षणिक भ्रमबाट राजनीतिमा प्रभुत्व जमाउन खोज्नु होइन कि, राजनीतिक दल र नेतृत्व प्रणालीमा गतिशीलता, आन्तरिक लोकतन्त्रको अभ्यासमा सुदृढीकरण, राजनीतिक दृष्टिकोण र भिजनमा दूरदर्शिता, विकास र समृद्धिको स्पष्ट खाकामा आन्तरिक तथा बाह्य प्रतिस्पर्धा बाट राष्ट्रको राजनीतिक नेतृत्व निर्माण गर्ने प्रणाली हो भन्ने बुझ्नुपर्दछ । यो प्रक्रियामा राजनीतिक क्षेत्रका प्रबुद्ध वर्ग, राजनीतिक दलका नेता-कार्यकर्ताहरूको बुझाइमा मात्र होइन, आम नागरिक तथा मतदाताहरूको बुझाइ र कार्यान्वयनमा समेत सक्रिय सहभागिता सहितको गतिशील राजनीतिक संस्कार निर्माण गर्नु जरूरी छ ।

कहिलेकाहीं हाम्रो मुलुकमा सरकार परिवर्तनको सन्दर्भलाई लिएर एउटा छलफल हुने गर्दछ; वामपन्थी नेतृत्वको सरकार निर्माण हुँदा छिमेकी मुलुक चीनसँग जोड्ने र गैरवामपन्थी नेतृत्वको सरकार निर्माण हुँदा छिमेकी मुलुक भारत हुँदै पश्चिमाहरूसँग जोडेर व्याख्या, विश्लेषण गर्ने गरेको देखिन्छ ।

लामो समयदेखि नै नेपालले पञ्चशीलको आधारमा असंलग्न परराष्ट्र नीति अवलम्बन गर्दै आइरहेको छ। नेपालको संविधान ५१(ड)१ मा "नेपालको सार्वभौम सत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसंघको वडापत्र, असंलग्नता र पञ्चशीलका सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्व शान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने" भन्ने सपष्ट छ ।

परराष्ट्र नीतिमै वामपन्थी र गैरवामपन्थी कसैको पनि असहमति छैन भने यस्तो मनोदशा किन बनाइराखेका छौं ? सबैले आ-आफ्नो मुलुकको राष्ट्रिय नीति र परराष्ट्र नीतिको आधारमा छिमेकीसँगको सम्बन्ध कायम गरिरहेका हुन्छर्न छिमेकीहरूले हामीलाई हेर्ने नीतिमा स्पष्ट र स्थायित्व छ र, हाम्रो नीतिमा पनि कहींकतै फेरबदल हुने गरेको देखिंदैर्ना तर राजनीतिक वृत्तमा केवल हाम्रो भूराज नीतिक मनोदशा मात्र अभिव्यक्त भइरहेको देखिन्छर्ा जसले गर्दा कहिलेकाहीं राजनीतिक समीकरण र राजनीतिक नेतृत्वको इच्छा शक्ति तथा मनोबलमा समेत उत्तारचढाव देखिन्छर्ा यही राजनीतिक संस्कार र मनोदशाबाट हाम्रो मुलुकको राजनीतिक बुझाइ माथि उठ्न जरूरी छ ।

राष्ट्रिय नीतिनिर्माण र नीतिगत स्थायित्वका लागि सबै राजनीतिक शक्तिको संस्थागत एकता, अपनत्व र प्रतिबद्धता सहितको दृढता जरूरी छर्ा राष्ट्रिय हित र आर्थिक समृद्धिका लागि मुलुकको नीतिगत सबलता र स्थायित्व नै आधारभूत शर्त बन्न जान्छ ।

हाम्रो जस्तो भूराजनीति भएको मुलुकले कस्तो राष्ट्रिय नीति अवलम्बन गर्ने भन्ने विषय विकास र समृद्धिका लागि निकै महत्वपूर्ण रहन्छर्ा राष्ट्रको परराष्ट्र नीति, आर्थिक नीति, व्यापार तथा पारवहन नीति, लगानी प्रवर्धन, उत्पादन तथा औद्योगिक नीति, शिक्षा, स्वास्थ्य, रोजगारी लगायत समग्र राष्ट्रिय नीतिहरूले मुलुकको विकास र समृद्धिको गतिलाई निर्धारण गर्दछर्ा मुलुकमा सरकार र राजनीतिक दल फेरिने कुराले मात्र राष्ट्रिय नीतिहरूमा फेरबदल हुनुहुँदैन र नेपालको हकमा भएको पनि देखिंदैन ।

१६ र १७ वैशाख २०८१ मा काठमाडौंमा तेस्रो लगानी सम्मेलन सम्पन्न भर्यो उक्त सम्मेलनले हाम्रो कानूनी तथा नीतिगत अस्थिरताले लगानी कर्ताहरूको मनोबल कति कमजोर बनाएको रहेछ भन्ने कुरा छरपष्ट पारिदियो उक्त लगानी सम्मेलनबाट अपेक्षित लगानी भित्रिन सकेन। यद्यपि कानूनी सुधार र नीतिगत स्थायित्वको बहसमा राम्रो योगदान गर्‍यो ।

त्यतिमात्र होइन, नेपालको निजी क्षेत्रको प्रतिनिधित्व गर्ने नेपाल उद्योग वाणिज्य महासंघ र नेपाल उद्योग परिसंघ लगायतका संस्थाहरूले संस्थागत रूपमै कानूनी तथा नीतिगत स्थायित्व नभएसम्म लगानीको वातावरण निर्माण हुन नसक्ने ठोकुवा गर्दै आइरहेका छर्न यसबाट के स्पष्ट हुन्छ भने, हाम्रो मुलुकमा स्वदेशी तथा विदेशी लगानी गर्ने वातावरण अझै निर्माण भएको देखिंदैन र लगानीकर्ताहरूको मनोबल निकै कमजोर देखिन्छ ।

तसर्थ, आर्थिक विकास र समृद्धिको अभियानलाई अगाडि बढाउन लगानीको वातावरण निर्माण गरी लगानीकर्ताहरूको मनोबल उठाउनैपर्छ। जसको लागि आर्थिक विकास र लगानीलाई अवरोध पुर्‍याइ रहेका मौजुदा नीति र कानूनमा सुधार गरी नीतिगत तथा कानुनी स्थायित्वको सुनिश्चितता गर्नै पर्दछ ।

मुलुकमा ऊर्जा, कृषि, पर्यटन, जडीबुटी, आइटी लगायत क्षेत्रमा लगानीको प्रचुर सम्भावना हुँदाहुँदै पनि आकर्षित हुन नसकिरहेका स्वदेशी तथा विदेशी लगानीकर्ताहरूको लागि लगानीमैत्री नीतिगत तथा कानूनी वातावरण निर्माण गरेर आर्थिक विकास र समृद्धिको आधार निर्माण गर्नका लागि राजनीतिक तहमा उच्चतहको राष्ट्रिय एकता, प्रतिबद्धता एवं कार्यान्वयिक दृढता जरूरी छ ।

हाम्रो जस्तो भौगोलिक विविधता र संघीय संरचना भएको मुलुकको लागि समावेशी विकास र संरचनागत तथा नीतिगत स्थायित्वको सवाल निकै महत्वपूर्ण विषय होर्ा जसका लागि राष्ट्रिय हित र आर्थिक विकासलाई केन्द्रमा राखेर राष्ट्रिय नीतिहरू निर्माण गर्नुका साथै प्राथमिकताका आधारमा समावेशी विकासको अवधारणा मार्फत संघीय अर्थतन्त्रको बलियो मेरुदण्ड खडा गर्न संघ, प्रदेश र स्थानीय तहहरूमा आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न जरूरी छर्ा यसमा प्रतिस्पर्धात्मक वा डोमिनेशनको मनोदशाबाट होइन कि सहयोगात्मक संघीयताको मर्मअनुरुप संघीय सरकारले समन्वयकारी र नेतृत्वदायी भूमिका खेल्नैपर्छ ।

सीमित राजनीतिक स्थायित्वको कुरा गरेर मात्रै होइन, राष्ट्रिय एकता र साझा अपनत्व सहित नीतिगत स्थायित्व कायम गरेर संविधानले परिकल्पना गरेको समाजवादी अर्थतन्त्रको आधार निर्माण गर्नु नै आजको प्रमुख कार्यभार बन्न गएको छ । जसको लागि सबै तहका मानवीय तथा प्राकृतिक साधन-स्रोतहरूको पहिचान र परिचालन नै आधारभूत शर्त बन्न जान्छ ।

हामीले राजनीतिक दर्शन, सिद्धान्त र सामाजिक मूल्य मान्यताविहीन कथित लोकप्रियतावादी हावामा बहकिएर आफ्नो खुट्टामा बन्चरो हान्ने होइन। विद्यमान राजनीतिक व्यवस्थाको संस्थागत सबलीकरण, राजनीतिक संस्कारमा नवीनता तथा राजनीतिक प्रणालीमा आन्तरिक र बाह्य लोकतन्त्रको सुदृढीकरण मार्फत राजनीतिक गतिशीलता पैदा गरी राजनीतिमा नयाँ-नयाँ प्रवृत्ति र प्रविधिको नेतृत्व प्रदान गर्ने हिम्मत गर्नै पर्दछ ।

त्यसका साथै वैज्ञानिक अध्ययन, अनुसन्धान गरी प्राप्त भएका नवीनतम निष्कर्षको आधारमा विद्यमान हाम्रा नीति कानूनमा देखिएका त्रुटिहरूलाई सच्याउँदै विकास र समृद्धिका बाधक नीति र कानुनहरूको संशोधन, पुनःलेखन गरेर राष्ट्रिय एकता, सहअस्तित्व र प्रतिबद्धता सहित राष्ट्रिय नीति तथा कानून निर्माण गरी नीतिगत स्थायित्व कायम गरेर आर्थिक समृद्धिको आधार खडा गर्नुपर्छ । अनलाईन खबरबाट




## क्याबिन सहितको के.ए.एम क्याफे संचालनमा



विराटनगर । विराटनगर महानगर पालिका-४ स्थित बरगाछी चौकमा शुक्रवार देखि नयाँ शैलीको 'के.एस. एम. क्याफे' सञ्चालनमा आएको छ । क्याबिनसहितको यो क्याफे युवा व्यवसायी वसिम हुसेनले आफ्नो दिदी फरिदा खातुन र भिनाजु समीम अख्तरको सहयोगमा सञ्चालनमा ल्याएका हुन् ।

हुसेनले करिब ५ लाख रुपैयाँको लगानीमा दुई तल्ले भवनको माथिल्लो तल्ला भाडामा लिएर क्याफे सञ्चालनमा ल्याएका हुन् । यसअघि विराटनगर-६, केसलिया रोडमा सञ्चालन हुँदै आएको के.एस.एम. क्याफेलाई उनले शुक्रबारदेखि बरगाछी चौकमा सारेर नयाँ स्थानबाट सेवा दिन थालेका हुन् ।

क्याफेको शुभारम्भ अवसरमा सञ्चालक हुसेनले भने, "हामीले ग्राहकको स्वाद र सेवा दुवैलाई ध्यानमा राखेर नयाँ स्थानमा क्याफे विस्तार गरेका हौं ।" हाम्रो क्याफेमा मटका चिया, मटन/चिकेन बिरयानी, चिकेन मूठिया, म:म:, चाउमिन, भेज/ननभेजका साथै चिसो पेय पदार्थ समेत उपलब्ध हुने हुसेनले वताए ।

५० जना अट्ने खुल्ला हल, मिटिङ्ग हल ५ वटा छुट्टाछुट्टै क्याबिन रहेको क्याफेमा क्याबिन सेवा लिन चाहने ग्राहकले प्रति घण्टा २ सय रुपैयाँ शुल्क तिर्नुपर्ने, २ हजारभन्दा बढी बिलमा ५% छुट, त्यसभन्दा कममा २% छुटको व्यवस्था रहेको छ ।

उक्त रेष्टुरेन्टले ह्यापि बर्थडे, एनिभर्सरी, र पार्टीका कार्यक्रमहरू आयोजना गर्न सकिने व्यवस्था पनि गरेको छ । आधुनिक शैली, शान्त वातावरण र स्वादिलो परिकारका कारण के.एस.एम. क्याफेले छोटो समयमा नै लोकप्रियता कमाउने अपेक्षा गरिएको छ ।

## अबको युद्ध दुर्व्यसनको विरुद्ध वक्तृत्वकला प्रतियोगिता

विराटनगर । जिल्ला झापा मेचीनगर नगर पालिका-४ स्थितमा रहेको श्री सरस्वती मा.बि.को प्राङगन भित्र इप्रका काँकर भिट्टाको आयोजनामा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत "अबको युद्ध दुर्व्यसन विरुद्ध" शिर्षकमा वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ ।

त्यसैगरी वक्तृत्वकला प्रतियोगितामा आदर्श मा.वि. विद्यालयको छात्रा कुसुम तिम्सिना प्रथम, काँकरभिट्टा माविको छात्र आयुष लुइटेल द्वितीय, सरस्वती माविका छात्रा अञ्जली रायमाझी तृतिय र जनता माविका छात्र गुण्जन पौडेललाई शान्त्वना पुरस्कारले पुरष्कृत भएका छन ।

उक्त कार्यक्रम वडाका कार्यवाहक वडा अध्यक्ष नुर बहादुर कार्कीको प्रमुख अतिथिमा, इप्रका काँकरभिट्टाका कार्यालय प्रमुख प्रनाउ राजन लामाको कमाण्डमा खटिएको प्रहरी टोलीले अवधारणा अनुरु काँकरभिट्टा मावि, सरस्वती मावि, आदर्श मावि र जनता माविका विद्यार्थीहरुबिच प्रतिस्पर्धा भएको थियो ।

उक्त वक्तृत्वकला प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय भएका छात्राछात्रहरुलाई मेची नगरपालिका-४ का कार्यवाहक वडा अध्यक्ष कार्कीले पुरस्कार वितरण गरेको थियो ।

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**